सिद्ध सिद्धार्थ स्वीट्स
हामी कहाँ शादी विवाह,पार्टी ,पर्वहरुको लागि अर्डर अनुसार नास्ता,खोवा,पनिर,मिठाई तयार गरिन्छ ।

बैंक रोड कलैया-४,बारा
प्रो.रोशन गुप्ता
९८४५८२७१३३
९८५५०४५५९०

"ज्ञान सत्ताको निष्पक्ष खबर"
# ज्ञान खबर
जि.प्रशा.का.द.नं : १०७/२०८१/०८२
जि.हु.का.द.नं : ०४/२०८१/०८२
राष्ट्रिय दैनिक
Gyan Khabar National Daily

आफ्नो गाउँ समाजमा घट्ने कुनै पनि घटना, गतिविधि तथा विज्ञापन बारे जानकारी टिपाउन को लागि हामीलाई सम्पर्क गर्नु होला ।
सम्पर्कको लागि
९८५५०३२२८६
९८५५०३५६८२
९८५५०४८५९५

वर्ष : २ | अंक : २२७ | २०८३ असोज ९ गते शुक्रबार | 2026 Sep 25 Friday | पृष्ठ :४ . मुल्य :रू.५

## प्रमुख जिल्ला अधिकारीको स्वागत



ज्ञान खबरकर्मी असोज ८, बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीको स्वागत, शुभकामना तथा परिचयात्मक कार्यक्रम बिहीबार कलैया उप-महानगर पालिकामा सम्पन्न भएको छ।

कलैया उपमहानगरपालिकाका नगर प्रमुख विनोदप्रसाद शाहको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख रोशन परविन, वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत रेशमलाल कँडेल, सूचना अधिकारी तथा सूचना प्रविधि अधिकृत सुरेशकुमार यादव लगायत जनप्रतिनिधि तथा कर्मचारीको सहभागिता थियो।

कार्यक्रममा नगर प्रमुख शाहले बारामा प्रमुख जिल्ला अधिकारीका रूपमा जिम्मेवारी सम्हालेका अधिकारीलाई स्वागत गर्दै जिल्लाको शान्ति सुरक्षा, सुशासन तथा विकास निर्माणका क्षेत्रमा स्थानीय तह र जिल्ला प्रशासनबीच सहकार्य आवश्यक रहेको बताए। स्थानीय तहका कामलाई प्रभावकारी बनाउन प्रशासनिक समन्वयलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो।

उपप्रमुख रोशन परविनले स्थानीय तहले नागरिकलाई सहज र प्रभावकारी सेवा प्रदान गर्न प्रशासनसँग समन्वय गर्दै अघि बढिरहेको बताए। जिल्लामा देखिने समस्या समाधानका लागि स्थानीय तह र प्रशासनबीच नियमित संवाद र सहकार्य आवश्यक रहेको उनले बताए।

वडा अध्यक्ष मोहनबहादुर क्षेत्रीले स्थानीय तहका वडास्तरमा देखिने सुरक्षा, सेवा प्रवाह तथा विकाससँग सम्बन्धित समस्या समाधानमा जिल्ला प्रशासनको सहयोग

**बाँकी पृष्ठ ३ मा............**

## वडाध्यक्ष कुशवाहाको अन्त्येष्टि



ज्ञान खबरकर्मी असोज ८, बारा। बाराको देवताल गाउँपालिका-३ का वडाध्यक्ष रामकिशोर प्रसाद कुशवाहाको बिहीबार बडकी आमबास्थित पसाहा खोला आर्यघाटमा अन्त्येष्टि गरिएको छ।

अन्त्येष्टि कार्यक्रममा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री तथा बारा-१ (ख) का प्रदेशसभा सदस्य सरोज यादव, बारा-३ का पूर्वसांसद रामबाबु कुमार यादव, बारा-२ ( ख) का प्रदेशसभा सदस्य बच्चा प्रसाद यादव, देवताल गाउँ पालिकाका अध्यक्ष उदय प्रसाद यादव, जसपा नेपालका नेता रामकिशोर यादव लगायतको उपस्थिति थियो।

उपस्थित जनप्रतिनिधि, राजनीतिक दलका नेता तथा स्थानीयबासीले कुशवाहाको पार्थिव शरीरमा राष्ट्रिय तथा पार्टीको झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए। आर्यघाटमा देवताल गाउँपालिकाका विभिन्न वडाका वडाध्यक्ष, स्थानीयवासी, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी तथा सशस्त्र प्रहरीलगायतको उल्लेख्य उपस्थिति रहेको थियो। सहभागीहरूले कुशवाहाको निधनले स्थानीय तह तथा समुदायमा अपूरणीय क्षति पुगेको बताएका थिए।

यसैबीच, वडाध्यक्ष कुशवाहाको निधनप्रति शोक व्यक्त गर्दै देवताल गाउँपालिकाले बिहीबार शोक बिदा दिएको थियो। गाउँपालिकाका अनुसार गाउँ कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरू । आकस्मिक सेवाबाहेक) तथा गाउँपालिकाअन्तर्गतका शैक्षिक संस्थाहरूमा शोक बिदा दिइएको हो। गाउँपालिका अध्यक्ष उदय प्रसाद यादवद्वारा जारी शोक वक्तव्यमा कुशवाहाको असामयिक निधनले गाउँपालिकालाई अपूरणीय क्षति पुगेको उल्लेख गरिएको छ।

**बाँकी पृष्ठ ३ मा............**

## भाइरल ज्वरो र रुघाखोकीबाट बच्न अपनाऔं यी सावधानी

बदलिँदो मौसमसँगै भाइरल ज्वरो, रुघाखोकी, घाँटी दुख्ने तथा अन्य श्वासप्रश्वास सम्बन्धी समस्या बढ्न सक्छन्। यस्ता संक्रमणबाट आफू र परिवारलाई जोगाउन व्यक्तिगत सरसफाइ तथा स्वास्थ्य सावधानी अपनाउनु आवश्यक छ।

**संक्रमणबाट बच्न यी उपाय अपनाऔं:**

- *साबुन पानीले कम्तीमा २० सेकेन्ड सम्म नियमित रूपमा हात धुने ।*
- *खोक्दा वा हाच्छ्युँ गर्दा नाक र मुख टिस्यु वा कुहिनाले छोप्ने ।*
- *रुघाखोकी वा ज्वरो भएका व्यक्तिसँग अनावश्यक नजिकको सम्पर्कबाट बच्ने ।*
- *भीडभाड तथा हावा कम चल्ने स्थानमा आवश्यक सावधानी अपनाउने ।*
- *बिरामी हुँदा घरमै आराम गर्ने र अरूसँगको सम्पर्क कम गर्ने ।*
- *पर्याप्त मात्रामा पानी तथा झोलिलो पदार्थ पिउने र पौष्टिक खाना खाने ।*
- *व्यक्तिगत सामान, जस्तै तौलिया, रुमाल, गिलास तथा भाँडाकुँडा अरूसँग साझेदारी नगर्ने ।*
- *कोठा तथा घरमा पर्याप्त हावा आवतजावत हुने व्यवस्था मिलाउने ।*
- *चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधि सेवन नगर्ने ।*
- *ज्वरो धेरै बढेमा, श्वास फेर्न गाह्रो भएमा, छाती दुखेमा, अत्यधिक कमजोरी भएमा वा लक्षण लामो समयसम्म कायम रहेमा स्वास्थ्य संस्थामा जाँच गराउने ।*

**सन्देश**

"सफा हात, सुरक्षित व्यवहार र समयमै उपचार–भाइरल ज्वरो तथा रुघाखोकीबाट बच्ने आधार।" स्वास्थ्यमा सचेत बनौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

**महागढीमाई नगरपालिकाको कार्यालय बरियारपुर बाराको**
तर्फबाट जनहितका लागि सामाजिक सन्देश

## विश्रामपुर कांग्रेसको सभापतिमा पाल सर्वसम्मत



ज्ञानखबर कर्मी ज्ञान असोज ८, नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत विश्रामपुर गाउँपालिका कार्यसमितिको सभापतिमा रामानन्द पाल सर्वसम्मत चयन भएका छन्।

गाउँपालिका कार्यसमितिको निर्वाचनबाट पाल सभापतिमा सर्वसम्मत चयन भएका हुन्। त्यस्तै उपसभापतिमा मोहन साह कानु र सुगीया देवी बरै चयन भएका छन्। सचिवमा डा. रिजवान ठकुराई, सहसचिवमा विनोद साह कानु तथा कोषाध्यक्षमा शेषनाथ महतो केवट सर्वसम्मत चयन भएका छन्। नवनिर्वाचित गाउँपालिका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई कांग्रेसका नेता तथा कार्यकर्ताले बधाई तथा सफल कार्यकालको शुभकामना दिएका छन्। नयाँ नेतृत्वले पार्टी संगठनलाई थप सुदृढ बनाउँदै स्थानीय तहमा कांग्रेसको गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाउने अपेक्षा गरिएको छ। विश्रामपुर गाउँपालिकामा सर्वसम्मत नेतृत्व चयन भएपछि कांग्रेसका स्थानीय नेता तथा कार्यकर्तामा उत्साह देखिएको छ। कार्यसमितिले संगठन विस्तार, कार्यकर्ता परिचालन तथा जनतासँगको सम्बन्धलाई प्राथमिकतामा राखेर काम गर्ने बताइएको छ।

सभापति पालसहित नवनिर्वाचित पदाधिकारीहरूले पार्टीको नीति, सिद्धान्त र संगठनलाई केन्द्रमा राखेर कार्यसमितिलाई सक्रिय बनाउने प्रतिबद्धता जनाएका छन्। गाउँपालिका कार्यसमितिमा निर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई कांग्रेसका विभिन्न तहका नेता तथा कार्यकर्ताले बधाई दिएका छन्।

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत स्थानीय तहका कार्यसमितिमा नेतृत्व चयनको प्रक्रिया अघि बढिरहेको छ। सोही क्रममा विश्रामपुर गाउँपालिकामा पनि पदाधिकारीहरू सर्वसम्मत चयन भएका हुन्।


हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

**डेँगुबाट बच्न**

पानी रहने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । सबै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।


कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।

**कलैया उप महानगरपालिका, वार्ड नं. १ को कार्यालय बारा द्वारा जनहीतमा जारी सन्देश**

## सम्पादकीयः

# जोखिममा पूर्वतयारी नै सुरक्षा

मनसुनको अन्तिम चरणतिर फेरि भारी वर्षा हुने सम्भावनाले बारा जिल्लामा बाढी र डुबानको जोखिम बढाएको छ। मौसम विज्ञान विभागले असोज ९ गतेदेखि ११ गतेसम्म भारीदेखि अति भारी वर्षाको सम्भावना औंल्याएपछि जिल्ला प्रशासन कार्यालय बाराले सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेको छ। यो सूचना केवल औपचारिक चेतावनीका रूपमा लिनु हुँदैन। विगतका वर्षहरूमा सामान्यभन्दा बढी वर्षा हुँदा जिल्लाका विभिन्न क्षेत्र डुबानमा पर्ने, सडक तथा राजमार्ग अवरुद्ध हुने, नदी र खोलामा पानीको सतह बढ्ने तथा जनजीवन प्रभावित हुने अवस्था देखिँदै आएको छ। त्यसैले सम्भावित विपद् आउनुअघि नै जोखिमयुक्त क्षेत्र पहिचान गरी आवश्यक तयारी गर्नु अहिलेको मुख्य आवश्यकता हो। विशेषगरी नदी तथा खोलाको किनार, होचा भूभाग र डुबानको उच्च जोखिममा रहेका बस्तीमा बसोबास गर्ने नागरिकले मौसमको अवस्थालाई गम्भीरतापूर्वक लिनुपर्छ। अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कने, सुरक्षित स्थानमा रहने र प्रशासन तथा स्थानीय तहले जारी गरेका सूचनालाई नियमित रूपमा पछ्याउने व्यवहारले मानवीय क्षति न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ।

विपद् व्यवस्थापनमा प्रशासनको सूचना र निर्देशनसँगै स्थानीय तहको तयारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ। स्थानीय तहमा रहेका विपद् व्यवस्थापन समितिहरूले जोखिमयुक्त बस्तीको अवस्था पहिचान गरी आवश्यक उद्धार तथा राहत सामग्री तयारी अवस्थामा राख्नुपर्छ। स्वयंसेवक, प्रहरी, सशस्त्र प्रहरी, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवाला निकायबीच प्रभावकारी समन्वय आवश्यक छ। अस्पताल, स्वास्थ्य केन्द्र, नर्सिङ होम तथा एम्बुलेन्सलाई तयारी अवस्थामा राख्ने प्रशासनको आग्रहलाई व्यवहारमै कार्यान्वयन गर्नुपर्छ। महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई विपद्का समयमा बढी जोखिम हुने भएकाले उनीहरूको सुरक्षालाई प्राथमिकतामा राखिनुपर्छ। वर्षाका समयमा सडकमा यात्रा गर्दा पनि विशेष सावधानी आवश्यक छ। बाढी आएको सडक, खोला वा पुल पार गर्ने जोखिमपूर्ण प्रयासले ठूलो दुर्घटना निम्त्याउन सक्छ। रातिको समयमा यात्रा नगर्ने, पहिरो तथा बाढी प्रभावित क्षेत्रमा नजाने र पानीको बहाव बढेको स्थानमा अनावश्यक आवतजावत नगर्ने विषयमा नागरिक स्वयं पनि जिम्मेवार बन्नुपर्छ।

प्राकृतिक विपद् रोक्न नसकिए पनि त्यसबाट हुने क्षति घटाउन सकिन्छ। त्यसका लागि सरकारी निकायले चेतावनी जारी गरेर मात्र आफ्नो जिम्मेवारी पूरा भएको ठान्नु हुँदैन। सूचना तल्लो तहसम्म प्रभावकारी रूपमा पुर्‍याउने, जोखिममा रहेका परिवारको पहिचान गर्ने र आवश्यक परे समयमै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने काममा स्थानीय प्रशासन र स्थानीय तह सक्रिय हुनुपर्छ। अर्कोतर्फ नागरिकले पनि सामाजिक सञ्जालमा आएका अपुष्ट सूचनाभन्दा आधिकारिक निकायका सूचनालाई आधार बनाउनुपर्छ। विपद्को समयमा प्रहरी, स्थानीय तह, स्वास्थ्य संस्था तथा उद्धार टोलीसँग सहकार्य गर्नु सबैको दायित्व हो। वर्षा, बाढी र डुबानको जोखिमलाई सामान्य ठानेर बेवास्ता गर्नु भविष्यमा पछुताउनुपर्ने अवस्था बन्न सक्छ। त्यसैले असोज ९ देखि ११ गतेसम्मको सम्भावित खराब मौसमलाई ध्यानमा राख्दै बारा जिल्लामा सरकारी निकाय, स्थानीय तह, सुरक्षा संयन्त्र र नागरिक समाज सबैले समन्वयात्मक रूपमा पूर्वतयारीलाई तीव्र बनाउन आवश्यक छ। सतर्कता, समयमै तयारी र जिम्मेवार व्यवहार नै सम्भावित विपद्बाट जनधन जोगाउने सबैभन्दा प्रभावकारी उपाय हो ।

# ब्रह्मपुराणम्–अध्यायः ४२ः क्षुधातीर्थस्य अहल्यासङ्गमतीर्थस्य च माहात्म्यम्

ब्रह्मा नारदं प्रति उवाच–हे नारद! अधुना अहं परमपुण्यमयस्य सर्वकामप्रदस्य क्षुधातीर्थस्य माहात्म्यं कथयामि। त्वमेकाग्रचित्तेन श्रद्धया च शृणु। पुरा कण्वनामा कश्चन महर्षिरासीत्। स वेदमर्मज्ञस्तपोनिष्ठो धर्मपरायणश्च आसीत्। एकदा स महर्षिः क्षुधार्तः सन् अन्नस्य अन्वेषणार्थं बहूनाश्रमाञ्जगाम। इतस्ततः भ्रमन् स महर्षेर्गौतमस्य पवित्रमाश्रमं प्राप्तवान्। तत्र स अन्नजलसमृद्धं गौतमस्याश्रमं दृष्ट्वा तस्य वैभवं चावलोक्य मनसि वैराग्यमुत्पन्नमभवत्।

स चिन्तयामास–गौतमोऽपि श्रेष्ठो ब्राह्मणः, अहमपि तपोनिष्ठो मुनिरस्मि। अतः समानेन सह याचना मम न शोभते। अहं बुभुक्षितोऽपि गौतमस्य गृहे भोजनं न करिष्यामि। गौतमीगङ्गायाः तटे गत्वा तस्याः समीपे एव स्वस्य अभिलषितं वरं याचिष्यामि इति निश्चित्य स गङ्गातटमगच्छत्।

गङ्गातटे स्नात्वा कण्वो मुनिः कुशासने समुपविश्य गौतमीगङ्गां क्षुधादेवीं च भक्तिपूर्वकमस्तौषीत्। स उवाच–महतीं पीडां हरन्त्यै गौतमीगङ्गायै नमो नमः। सर्वेषां जनानां पीडां ददत्यै क्षुधादेव्यै च नमो नमः। हरजटासमुद्भूतायै कल्याणमय्यै गौतम्यै नमः। महामृत्योर्मुखान्निर्गतायै क्षुधादेव्यै नमः। हे देवि! त्वं पुण्यात्मनां कृते शान्तिरूपा, दुरात्मनां कृते च क्रोधरूपा भवसि। नदीरूपेण त्वं सर्वेषां पापानि हरसि, क्षुधारूपेण च सर्वेषां तापं जनयसि। पापविनाशिन्यै, शान्तिकारिण्यै, दरिद्रताविनाशिन्यै च देव्यै पुनः पुनः प्रणामः।

कण्वस्य स्तुत्या प्रसन्ने गङ्गाक्षुधे तस्य पुरतः द्वे दिव्ये मूर्ती प्रादुरभवताम्। एका मनोहरा गङ्गामूर्तिरासीत्, अपरा च भयङ्करा क्षुधामूर्तिरभवत्। तदा कण्वो मुनिः कृताञ्जलिपुटो भूत्वा गङ्गां प्रणम्य अवदत्–हे देवि गोदावरि! त्वं मङ्गलमयी असि। ब्राह्मी, माहेश्वरी, वैष्णवी, त्र्यम्बका इत्यादीनि तव नामानि सन्ति। गौतमस्य पापहन्त्री त्वं सप्तधाराभिः समुद्रे मिलन्ती मङ्गलमयी भवसि। हे क्षुधादेवि! त्वं पापिनां कृते पापमयी, दरिद्रतारूपा च भवसि। धर्ममर्थं कामं च नाशयन्त्यै तुभ्यं नमो नमः।

तस्य भक्तिपूर्णया स्तुत्या तुष्टे गङ्गाक्षुधे तमूचतुः–वरं वृणु। तदा कण्वो गङ्गां प्रणम्य अनुकूलं भोगं, वैभवं, दीर्घमायुः, धनं, मोक्षं च ययाचे। क्षुधादेवीं च स प्रार्थयामास–हे क्षुधे! त्वं तृष्णारूपा दरिद्रतारूपा चासि। मम गृहे मम वंशजानां च गृहे त्वं कदापि मा वस। यः पुरुषोऽनेन स्तोत्रेण त्वां स्तौति, तस्य दारिद्र्यं दुःखं च नश्यतु। ये चास्मिन् तीर्थे स्नानं दानं जपं पूजनं च कुर्वन्ति, ते धनधान्यसम्पन्नाः भवन्तु। तेषां गृहे सुखशान्तिश्च नित्यं वर्तताम्।

कण्वस्य प्रार्थनायां मूलमन्त्रोऽपि कथ्यते– "मयि मद्वंशजे चापि क्षुधे तृष्णे दरिद्रिणि। याहि पापान्तरे रूक्षे न भूयास्त्वं कदाचन। अनेन स्तवेन ये वै त्वां स्तुवन्ति क्षुधातुराः। तेषां दारिद्र्यदुःखानि न भवेयुर्हरोऽपरः।" इति। ततः गङ्गा क्षुधा च तथास्त्विति उक्त्वा स्वस्थानं गते। तदारभ्य तत् तीर्थं काण्वतीर्थं, गाङ्गतीर्थं, क्षुधातीर्थं चेति त्रिभिर्नामभिः प्रसिद्धमभवत्। एतत् तीर्थं सर्वपापहरं पितृकर्णां प्रीतिवर्धनं पुण्यप्रदं च मन्यते। अस्मिन् तीर्थे श्रद्धया स्नानं दानं जपं पूजनं च कृत्वा मनुष्यः पुण्यफलमवाप्नोति।

अथ ब्रह्मा नारदं प्रति अहल्यासङ्गमतीर्थस्य माहात्म्यमपि कथयति। पुरा मया एका उत्तमा कन्या सृष्टा। सा सर्वाङ्गसुन्दरी रूपगुणसम्पन्ना च आसीत्। तस्याः पालनपोषणाय कः समर्थ इति विचिन्त्य मया तां कन्यां महर्षये गौतमाय समर्पिता। अहं गौतममवदम्–यावत् एषा कन्या युवती न भवति, तावत् त्वं श्रद्धया अस्याः पालनं कुरु। युवतीभूतां च एनां पुनर्मम समीपमानय।

गौतमो मुनिः तपसा निष्पापः सन् विधिपूर्वकं तस्याः पालनं कृतवान्। सा युवतीभूता यदा तदा गौतमेन मम समीपं पुनरानीता। तस्य निष्कामभावं दृष्ट्वा अहं महान् विस्मयं प्राप्तवान्। गौतमस्य तपः, संयमः, सत्यनिष्ठा च दृष्ट्वा तस्य प्रति मम श्रद्धा वर्धिता।

तदा इन्द्रादयः देवाः तां कन्यां प्राप्तुमिच्छन्तो मम समीपमागत्य तां ययाचिरे। मया तानवदम्–यः सर्वप्रथमं पृथिव्याः प्रदक्षिणां कृत्वा मम समीपमागमिष्यति, तस्मै एव एषा कन्या दीयते। ततः सर्वे देवाः पृथिवीप्रदक्षिणार्थं शीघ्रमगच्छन्। अथ गौतमेन प्रसवायमाणां कामधेनुं दृष्ट्वा तस्याः प्रदक्षिणा कृता। ततः स शिवलिङ्गस्यापि प्रदक्षिणां कृत्वा पृथिवीप्रदक्षिणाया यत्फलं भवति तत्फलं प्राप्तवान्। ततः स शीघ्रं मम समीपमागत्य कन्यां प्राप्तवान्। सा कन्या अहल्या नाम्ना प्रसिद्धा अभवत्। गौतमेन सह तस्याः विवाहः सम्पन्नः। यत्र अहल्यायाः गौतमेन सह सङ्गमः सम्पन्नः, तत् पवित्रं स्थान महमहल्या सङ्गमतीर्थमिति कथयामि। एतत्तीर्थं त्रिलोकपावनं पुण्यदं सर्वपापप्रणाशनं च अस्ति।

अस्य स्मरणमात्रेणापि मनुष्यः पुण्यफलमवाप्नोति। श्रद्धया तस्य दर्शनं, स्नानं, पूजनं तथा देवपितृकर्णां तर्पणं कृत्वा मनुष्यः पापेभ्यः प्रमुच्यते। अतः अहल्यासङ्गमतीर्थं भक्तानां कृते अत्यन्तं पवित्रं पुण्यप्रदं च तीर्थमिति कथ्यते।

# ब्रह्मपुराण अध्याय ४२ क्षुधातीर्थ र अहल्यासङ्गमतीर्थको महिमा

नारदलाई यी दुवै तीर्थको धार्मिक तथा पुण्यदायी महत्व सुनाएका छन्। पुरानो प्रसङ्गअनुसार कण्व नामका एक महर्षि वेदका ज्ञाता, तपोनिष्ठ र धर्मपरायण थिए। एकपटक उनी अत्यन्त भोकाएका अवस्थामा अन्नको खोजी गर्दै विभिन्न आश्रममा पुगे। यसै क्रममा उनी महर्षि गौतमको आश्रममा पुगे। त्यहाँ अन्न र जलको पर्याप्त व्यवस्था देखेपछि कण्वको मनमा वैराग्य जाग्यो। गौतम पनि श्रेष्ठ ब्राह्मण र आफू पनि तपस्वी भएकाले उनीसँग भोजन माग्नु उचित नहुने ठानेर कण्वले गौतमको घरमा नखाने निर्णय गरे।

त्यसपछि कण्व गौतमी गङ्गाको किनारमा गए। स्नान गरी कुशासनमा बसेर उनले गौतमी गङ्गा र क्षुधादेवीको भक्तिपूर्वक स्तुति गरे। उनले गङ्गालाई दुःख र पाप नाश गर्ने, कल्याणकारी तथा पवित्र देवीका रूपमा स्मरण गरे भने क्षुधालाई मानिसमा पीडा र ताप उत्पन्न गराउने शक्तिका रूपमा वर्णन गरे। कण्वले गङ्गासँग शान्ति, पापमोचन र कल्याणको कामना गर्दै क्षुधादेवीसँग दरिद्रता र दुःख हटाइदिन प्रार्थना गरे।

कण्वको स्तुतिबाट प्रसन्न भएर गङ्गा र क्षुधादेवी दुई दिव्य मूर्तिका रूपमा प्रकट भए। कण्वले उनीहरूलाई प्रणाम गर्दै आफ्नो इच्छा पूरा गर्न अनुरोध गरे। उनले गङ्गासँग भोग, वैभव, दीर्घायु, धन र मोक्षको वर मागे। क्षुधादेवीसँग भने आफू र आफ्ना वंशजका घरमा क्षुधा, तृष्णा र दरिद्रता कहिल्यै नबसोस् भन्ने प्रार्थना गरे। साथै यस तीर्थमा स्नान, दान, जप र पूजा गर्ने मानिस धनधान्यले सम्पन्न होऊन् तथा उनीहरूको घरमा सुख र शान्ति रहोस् भन्ने कामना गरे।

कण्वको प्रार्थनामा क्षुधालाई सम्बोधन गरिएको मन्त्रको भाव पनि उल्लेख गरिएको छ। त्यसमा आफू र आफ्ना वंशजबाट क्षुधा, तृष्णा तथा दरिद्रता टाढा जाऊन् र स्तोत्र पाठ गर्ने मानिसका दरिद्रता तथा दुःख नष्ट होऊन् भन्ने कामना गरिएको छ। गङ्गा र क्षुधादेवीले कण्वको प्रार्थना स्वीकार गर्दै तथास्तु भनेपछि आफ्नो स्थानमा फर्किए। त्यसपछि उक्त तीर्थ काण्वतीर्थ, गाङ्गतीर्थ र क्षुधातीर्थ गरी तीन नामले प्रसिद्ध भएको बताइएको छ। यसलाई पाप नाश गर्ने, पितृलाई प्रसन्न बनाउने र पुण्य प्रदान गर्ने तीर्थका रूपमा वर्णन गरिएको छ।

अध्यायमा अहल्यासङ्गमतीर्थको महिमा पनि वर्णन गरिएको छ। ब्रह्माले एक अत्यन्त सुन्दर, गुणसम्पन्न र सर्वाङ्गपूर्ण कन्याको सृष्टि गरे। उनको पालनपोषण कसले गर्न सक्छ भन्ने विचार गरी ब्रह्माले ती कन्यालाई महर्षि गौतमको जिम्मा लगाए। कन्या युवती नभएसम्म श्रद्धापूर्वक पालन गर्न र युवती भएपछि पुनः आफूसमक्ष ल्याउन ब्रह्माले गौतमलाई निर्देशन दिए। गौतमले निष्काम भावले उनको पालनपोषण गरे। कन्या युवती भएपछि उनलाई ब्रह्मासमक्ष फिर्ता ल्याए। गौतमको संयम, तपस्या र निष्काम भावबाट प्रभावित भएर ब्रह्मा प्रसन्न भए। त्यसै समयमा इन्द्रलगायत देवताहरूले ती कन्यालाई प्राप्त गर्न इच्छा व्यक्त गरे। ब्रह्माले पृथ्वीको प्रदक्षिणा गरेर सबैभन्दा पहिले फर्कनेलाई कन्या दिने बताए। देवताहरू पृथ्वी प्रदक्षिणाका लागि गए। गौतमले प्रसव हुन लागेकी कामधेनुको प्रदक्षिणा गरेपछि शिवलिङ्गको समेत प्रदक्षिणा गरे। यसबाट पृथ्वी प्रदक्षिणा गरेसरह पुण्य प्राप्त भएको मानियो। त्यसपछि गौतम ब्रह्मासमक्ष पुगे र कन्या प्राप्त गरे। ती कन्या अहल्या नामले प्रसिद्ध भइन् र गौतमसँग उनको विवाह सम्पन्न भयो।

अहल्या र गौतमको सङ्गम भएको स्थानलाई अहल्यासङ्गमतीर्थ भनिएको छ। ब्रह्मपुराणमा यस तीर्थलाई तीनै लोकलाई पवित्र बनाउने, पुण्य प्रदान गर्ने र पाप नाश गर्ने पवित्र स्थलका रूपमा वर्णन गरिएको छ। यसको स्मरण मात्रले पनि पुण्य प्राप्त हुने विश्वास प्रस्तुत गरिएको छ। श्रद्धापूर्वक तीर्थको दर्शन, स्नान, पूजा तथा देवता र पितृको तर्पण गरेमा मानिस पापबाट मुक्त हुने उल्लेख छ। यसरी क्षुधातीर्थले दरिद्रता र दुःखबाट मुक्ति तथा अहल्यासङ्गमतीर्थले पापमोचन र पुण्यप्राप्तिको धार्मिक विश्वासलाई प्रस्तुत गर्दछ।

यी तीर्थहरूको वर्णनमा स्नान, दान, जप, पूजा र तर्पणजस्ता कर्मको महत्व देखाइएको छ। कण्वको कथा मानिसले श्रद्धा र तपस्याका साथ सामना गरेको प्रसङ्गसँग जोडिएको छ। उनले आफ्नो दुःख हटाउन नभई वंशज र तीर्थमा आउने भक्तजनको कल्याणका लागि वर मागेका छन्। यसले तीर्थको धार्मिक परम्परामा व्यक्तिगत पुण्यसँगै सामूहिक कल्याणको भावनालाई महत्व दिइएको देखाउँछ। अहल्याको प्रसङ्गमा गौतमको संयम र निष्काम सेवाको चर्चा गरिएको छ। त्यसैले अध्यायले तीर्थमहिमासँगै श्रद्धा, संयम, सेवा, दान र पितृप्रतिको कर्तव्यलाई जीवनका आधारका रूपमा प्रस्तुत गरेको छ।

# प्र.जि.अ.खडानन्द अधिकारी र उपनिर्देशक सरोज निरौलालाई स्वागत

विश्रामपुर गाउँपालिकाका अध्यक्ष जुल्फकार अलि भुटोको अध्यक्षतामा गाउँपालिकाको कार्यालयमा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अधिकारी र राष्ट्रिय अनुसन्धान कार्यालयका उपनिर्देशक निरौलालाई स्वागत गरिएको हो।



कार्यक्रममा गाउँपालिका उपाध्यक्ष प्रियंका देवी, प्रमुख प्रशासकीय अधिकृत सुनील प्रसाद केशरी, गाउँपालिकाका सबै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुले जिल्लामा नयाँ जिम्मेवारी सम्हाल्न आएका प्रमुख जिल्ला अधिकारी अधिकारी र राष्ट्रिय अनुसन्धान कार्यालयका उपनिर्देशक निरौलालाई स्वागत तथा सफल कार्यकालको शुभकामना दिएका थिए। स्वागत कार्यक्रममा स्थानीय तह र जिल्ला प्रशासनबीचको समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको बताइएको छ। स्थानीय तहले जनतालाई प्रदान गर्ने सेवा प्रवाह, शान्ति सुरक्षा, विकास निर्माण तथा प्रशासनिक काममा जिल्ला प्रशासनसँगको समन्वय महत्वपूर्ण हुने सहभागीहरुले बताएका थिए।

गाउँपालिका अध्यक्ष जुल्फकार अलि भुटोले जिल्लामा नयाँ जिम्मेवारी सम्हाल्न आएका प्रमुख जिल्ला अधिकारी र राष्ट्रिय अनुसन्धान कार्यालयका उपनिर्देशकलाई गाउँपालिकाको तर्फबाट स्वागत गर्दै आगामी दिनमा स्थानीय तह र जिल्ला प्रशासनबीच आवश्यक समन्वय तथा सहकार्य रहने बताएका थिए। प्रमुख जिल्ला अधिकारी अधिकारीले जिल्लाको शान्ति सुरक्षा, सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय तहसँग समन्वय आवश्यक रहेको बताएका थिए। स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीसँगको सहकार्यबाट नागरिकका समस्या समाधान गर्न सहज हुने उनको भनाइ थियो।

त्यस्तै राष्ट्रिय अनुसन्धान कार्यालयका उपनिर्देशक निरौलाले स्थानीय तहसँग आवश्यक समन्वय कायम गर्दै आफ्नो जिम्मेवारी पूरा गर्ने बताएका थिए।

कार्यक्रममा सहभागी जनप्रतिनिधि तथा कर्मचारीहरुले नयाँ जिम्मेवारीमा आएका दुवै अधिकारीलाई स्वागत गर्दै जिल्लाको शान्ति सुरक्षा, सुशासन र विकासका क्षेत्रमा सकारात्मक सहकार्य हुने अपेक्षा व्यक्त गरेका थिए। गाउँपालिकाका अनुसार कार्यक्रममा स्वागतपछि सामूहिक तस्बिरसमेत खिचिएको थियो। गाउँपालिकाले नयाँ प्रमुख जिल्ला अधिकारी तथा राष्ट्रिय अनुसन्धान कार्यालयका उपनिर्देशकसँग आगामी दिनमा नियमित समन्वय र सहकार्य गर्दै स्थानीय स्तरका समस्या समाधानमा जोड दिने जनाएको छ।

# कोल्हबी अधिवेशन आज हुँदै

बारा । नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत बाराको कोल्हबी नगरपालिकाको नगर अधिवेशन भोलि (असोज ९ गते) हुने भएको छ। पार्टीभित्र सहमतिका आधारमा नगर नेतृत्व चयन गर्ने प्रयास गरिएका कारण निर्धारित कार्यतालिकाभन्दा एक दिन ढिलो अधिवेशन हुन लागेको हो।

नेपाली कांग्रेसका नेता हरराम चौधरीका अनुसार कोल्हबी नगरपालिकाको अधिवेशन सहमतिमै सम्पन्न गर्ने उद्देश्यले स्थानीय तहमा आवश्यक छलफल तथा समन्वय गर्नुपरेकाले अधिवेशनको मिति एक दिन सारिएको हो।

कांग्रेसको अधिवेशन कार्य तालिका अनुसार असोज ७ र ८ गते देशभर पालिका अधिवेशन सम्पन्न गर्ने कार्यक्रम थियो। सोहीअनुसार बाराका अधिकांश पालिकामा अधिवेशन सम्पन्न भइसके पनि कोल्हबी नगरपालिकामा भने नेतृत्व चयनमा सहमति जुटाउने प्रयास जारी रहेकाले अधिवेशन एक दिन पछाडि सारिएको चौधरीले बताए। उनका अनुसार असोज ९ गते हुने अधिवेशनका लागि आवश्यक

बाँकी पृष्ठ ३ मा...........

# गाँजासहित एक जना पक्राउ

बारा । बारा प्रहरीले लागूऔषध गाँजाजस्तो देखिने पदार्थसहित एक जनालाई पक्राउ गरेको छ। प्रहरीले जितपुर सिमरा उप महानगरपालिका-८, गोबरगावा स्थित आफ्नै घरको आँगनमा गाँजा लुकाएर राखेको आरोपमा स्थानीय जयनारायण चौधरीलाई नियन्त्रणमा लिएको हो। प्रहरीका अनुसार २०८३ असोज ८ गते दिउँसो करिब ४:४० बजे विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय जितपुरबाट प्रहरी वरिष्ठ नायब निरीक्षक उमेश निरौलाको कमाण्डमा चार जनाको प्रहरी टोली चौधरीको घरमा पुगेको थियो। प्रहरी टोलीले घर तथा परिसरमा खानतलासी गर्दा आँगनमा लुकाएर राखिएको गाँजाजस्तो देखिने पदार्थ बरामद गरेको



जनाएको छ। बरामद पदार्थमध्ये १५ वटा पुडियामा प्याक गरिएको ३२० ग्राम तथा कालो प्लास्टिकमा प्याक गरी राखिएको १ किलो ४१० ग्राम रहेको प्रहरीले जनाएको छ। यसरी प्लास्टिकसहित बरामद गरिएको पदार्थको कुल तौल १ किलो ७३० ग्राम रहेको इलाका प्रहरी कार्यालय जितपुरले जनाएको छ। प्रहरीले बरामद पदार्थसहित चौधरीलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी

बाँकी पृष्ठ ३ मा...........

# बाल यौन दुर्व्यवहारविरुद्ध जनचेतनामूलक कार्यक्रम

सिमरा, असोज ०८ – बाराको जीतपुर सिमरा उप महानगर पालिका-१९ इनर्वासिरामा बाल यौन दुर्व्यवहारसम्बन्धी जन चेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आयोजित कार्यक्रममा स्थानीय बुद्धिजीवी, समाजसेवी, अभिभावक तथा सर्वसाधारणको सहभागिता रहेको थियो। बालबालिकामाथि हुन सक्ने यौनजन्य हिंसा तथा दुर्व्यवहारका घटना न्यूनीकरण गर्ने उद्देश्यले आयोजित कार्यक्रममा बाल यौन दुर्व्यवहारको परिचय, यसको स्वरूप, सम्भावित जोखिम तथा बालबालिकालाई सुरक्षित राख्ने उपायबारे जानकारी गराइएको थियो। कार्यक्रममा बालबालिकामाथि हुने यौनजन्य हिंसाका विभिन्न स्वरूप, अपरिचित तथा चिनजानका व्यक्तिबाट हुन सक्ने जोखिम, बालबालिकाले असुरक्षित महसुस गरेको अवस्थामा अपनाउनुपर्ने सावधानीलगायत विषयमा प्रशिक्षण दिइएको प्रहरीले जनाएको छ।



त्यसैगरी, बालबालिकामाथि कुनै घटना भइहालेमा अभिभावक तथा समुदायले घटना लुकाउने वा दबाउने प्रयास नगरी तत्काल सम्बन्धित निकायलाई जानकारी गराउनुपर्नेमा जोड दिइएको थियो। पीडित बालबालिकालाई सुरक्षित वातावरण उपलब्ध गराउँदै आवश्यक कानुनी उपचार तथा संरक्षणको व्यवस्था गर्नुपर्ने विषयमा समेत सहभागीलाई जानकारी दिइएको थियो।

कार्यक्रममा इलाका प्रहरी कार्यालय सिमराका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टले बालबालिकाको सुरक्षा सुनिश्चित गर्न अभिभावक, विद्यालय, समुदाय र प्रहरीबीच निरन्तर सहकार्य आवश्यक रहेको बताउनुभयो। उहाँले बालबालिकाले आफू असुरक्षित महसुस गरेमा त्यसबारे अभिभावक, शिक्षक वा आफूले विश्वास गर्ने व्यक्तिलाई खुलेर जानकारी गराउनुपर्ने बताउनुभयो। बाल यौन दुर्व्यवहारका घटना लुकाउँदा समस्या थप गम्भीर बन्न सक्ने भएकाले कुनै पनि घटना वा शंकास्पद गतिविधिबारे तत्काल प्रहरीलाई खबर गर्न उहाँले आग्रह गर्नुभयो।

प्रहरी नायब उपरीक्षक भट्टको नेतृत्वमा खटिएको प्रहरी टोलीले कार्यक्रम सञ्चालन गर्दै बालबालिका तथा अभिभावकलाई बाल यौन दुर्व्यवहारबाट जोगिने व्यवहारिक उपायबारे समेत जानकारी गराएको थियो।

स्थानीय स्तरमा बालबालिकाको सुरक्षा तथा अधिकारसम्बन्धी सचेतना बढाउन यस्ता कार्यक्रम प्रभावकारी हुने सहभागीहरूले बताएका छन्। समुदायमा बालबालिकामाथि हुन सक्ने हिंसा तथा दुर्व्यवहार रोकथामका लागि परिवारदेखि विद्यालय र समुदायसम्म सबै पक्ष जिम्मेवार भएर अघि बढ्नुपर्नेमा कार्यक्रममा जोड दिइएको थियो।


## भाइरल ज्वरो र रुघाखोकीबाट बच्न अपनाऔं यी सावधानी

बदलिँदो मौसमसँगै भाइरल ज्वरो, रुघाखोकी, घाँटी दुख्ने तथा अन्य श्वासप्रश्वास सम्बन्धी समस्या बढ्न सक्छन्। यस्ता संक्रमणबाट आफू र परिवारलाई जोगाउन व्यक्तिगत सरसफाइ तथा स्वास्थ्य सावधानी अपनाउनु आवश्यक छ।

**संक्रमणबाट बच्न यी उपाय अपनाऔं:**

- *साबुन पानीले कम्तीमा २० सेकेन्ड सम्म नियमित रूपमा हात धुने ।*
- *खोक्दा वा हाच्छ्युँ गर्दा नाक र मुख टिस्यु वा कुहिनाले छोप्ने ।*
- *रुघाखोकी वा ज्वरो भएका व्यक्तिसँग अनावश्यक नजिकको सम्पर्कबाट बच्ने ।*
- *भीडभाड तथा हावा कम चल्ने स्थानमा आवश्यक सावधानी अपनाउने ।*
- *बिरामी हुँदा घरमै आराम गर्ने र अरूसँगको सम्पर्क कम गर्ने ।*
- *पर्याप्त मात्रामा पानी तथा झोलिलो पदार्थ पिउने र पौष्टिक खाना खाने ।*
- *व्यक्तिगत सामान, जस्तै तौलिया, रुमाल, गिलास तथा भाँडाकुँडा अरूसँग साझेदारी नगर्ने ।*
- *कोठा तथा घरमा पर्याप्त हावा आवतजावत हुने व्यवस्था मिलाउने ।*
- *चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधि सेवन नगर्ने ।*
- *ज्वरो धेरै बढेमा, श्वास फेर्न गाह्रो भएमा, छाती दुखेमा, अत्यधिक कमजोरी भएमा वा लक्षण लामो समयसम्म कायम रहेमा स्वास्थ्य संस्थामा जाँच गराउने ।*

**सन्देश**

"सफा हात, सुरक्षित व्यवहार र समयमै उपचार–भाइरल ज्वरो तथा रुघाखोकीबाट बच्ने आधार।" स्वास्थ्यमा सचेत बनौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

**देवताल गाउँपालिकाको कार्यालय पिपराढीगोठ बाराको**
तर्फबाट जनहितका लागि सामाजिक सन्देश



बिश्व ज्ञान मिडिया प्रा.लि. द्वारा प्रकाशित
ज्ञान खबर
राष्ट्रिय दैनिक

सम्पादक: भोलानाथ पौडेल सम्पर्क नं. : ९८४५५३२२८६
सम्पादक : अनिल कुमार गौरव सम्पर्क नं. : ९८५५०३५६८२
व्यवस्थापक/सहसम्पादक: जिउत प्र. यादव सम्पर्क नं. : ९८५५०४८५९५
कार्यालय: कलैया उ.म.न.पा.-६,बारा
मुद्रक: पौडेल अफसेट प्रेस,बिरगंज,पर्सा Email:– gyankhabardaily@gmail.com